नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुपाल्चोक

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको**

**जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकसँग सम्बन्धित**

**सार्वजनिक विवरण (२०८३ बैशाख महिना देखी २०८३ आषाढ मसान्तसम्म)**

## १. जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको स्वरुप र प्रकृतिः

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ बमोजिम जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था बमोजिम यस जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । जिल्लामा नेपाल सरकारको प्रमुख प्रतिनिधिको रुपमा रही शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (vision) का साथ विधिको शासन अवलम्वन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (goals) लिएर काम गरिरहेको छ । यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यहरु (objectives) लाई आत्मसात गरेको छ ।

## २. जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको काम, कर्तव्य र अधिकारः

यस कार्यालयका काम, कर्तव्य र अधिकारहरुलाई मूलतः स्थानीय प्रशासन ऐन, २०२८ ले व्यवस्था गरेको छ । यसका साथै नेपाल सरकारका अन्य ऐन, नियम, निर्देशिका तथा नेपाल सरकार तथा गृह मन्त्रालयको निर्देशन बमोजिम जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको काम, कर्तव्य र अधिकार निम्न बमोजिम उल्लेख गरिएको छ ।

क) जिल्लामा शान्ति, सुरक्षा र सुव्यबस्था कायम गर्ने ।

ख) जिल्लामा संचालित विकास कार्यहरुमा सहयोग, सहजीकरण र आवश्यक समन्वय गर्ने ।

ग) जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने ।

घ) जिल्लामा आइपर्ने विपद्हरुको उचित व्यवस्थापन गर्ने ।

ङ) जिल्लामा वस्तुहरुको आपूर्तिलाई ब्यबस्थित गर्ने ।

च) जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने।

प्रमुख जिल्ला अधिकारी

छ) प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने।

ज) नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।

झ) हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने ।

ञ) राहदानी सम्वन्धी कार्य गर्ने ।

ट) संस्था दर्ता तथा नवीकरण गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

ठ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने ।

ड) प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने ।

## ३. जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा रहने कर्मचारी संख्या र कार्यविवरण:

मिति २०७४/०७/२९ मा स्वीकृत दरबन्दी अनुसार यस कार्यालयको दरबन्दी, पदपूर्ति र रिक्तताको अवस्था देहायबमोजिम रहेको छ ।

| सि.नं. | पद | दरवन्दी संख्या | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | - | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | २ | २ | - | |
| ३ | नायब सुब्बा | ७ | ७ | - | |
| ४ | लेखापाल | १ | १ | - | |
| ५ | कम्प्यूटर अपरेटर | २ | २ | - | १ करार |
| ६ | खरिदार | ४ | २ | २ | २ जना लोकसेवा माग गरिएको |
| ९ | हलुका सवारी चालक | २ | २ | - | २ करार |
| १० | कार्यालय सहयोगी | ७ | ७ | - | ५ करार |
| जम्मा: | | २७ | २५ | २ | |

## ४. जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकबाट प्रदान गरिने मुख्य सेवाहरु:

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवा:

- नाम थर वा उमेर आदि प्रमाणित ।
- नाबालक परिचयपत्र वितरण ।
- पारिवारिक पेन्सन र रहलपहल सम्बन्धी सिफारिस ।
- खस आर्य, दलित, आदिवासी जनजाति प्रमाणित ।
- एकै व्यक्ति प्रमाणित ।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।

सहायक प्रमुख जिल्ला अधिकारी

- पारिवारिक विवरण प्रमाणित ।
- नाता प्रमाणित ।
- शरणार्थी सम्वन्धी कार्य ।
- विविध कार्य ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

ख) राहदानी सम्वन्धी सेवा:

- E-PASSPORT को विवरण संकलन (Biometric)।
- राहदानी वितरण ।

ग) नागरिकता सम्वन्धी सेवा:

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण ।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण ।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण ।
- नाम थर र जन्म मिति संशोधन ।
- जन्मको आधारमा नागरीकता लिएका नागरिकको सन्तानलाई वंशजको आधारमा नागरिकता वितरण ।
- बाबु यकिन नभएका आमाबाट जन्मिएका सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र वितरण ।
- गैह्र आवासीय नागरिकता प्रमाणपत्र वितरण ।

घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवा:

- गुनासो वा ठाडो उजुरी ।
- अभद्र व्यवहार, सार्वजनिक स्थलमा शान्ति भंग, जुवा, कालोबजारी मुद्दा ।

ङ) हातहतियार इजाजत तथा नवीकरण तथा पेन्सन सिफारिस सम्वन्धी सेवा:

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।
- पारिवारिक पेन्सन, शपथ पत्र, दुई नामथर र जन्म मिति प्रमाणित, रहलपलह सम्वन्धी सिफारिस

च) संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवा:

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।

सहायक प्रमुख जिल्ला अधिकारी

- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

छ) आपूर्ति व्यवस्था अनुगमन सम्वन्धी सेवा:

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन ।

ज) विपद् व्यवस्थापन सम्वन्धी सेवा:

- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक व्यवस्थापन ।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण ।
- विपद् न्यूनीकरणका लागि तयारी ।
- विपदमा भएको क्षति विवरण संकलन ।
- विपदमा पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुन:स्थापना ।

झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा:

- अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानविन ।

## ५. जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा रहेका शाखा र जिम्मेवार अधिकारी:

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १. | **प्रशासन शाखा** | ना.सु.श्री प्रकाश थापा<br>खरीदार श्री दयाराम चौधरी | |
| २. | **मुद्दा शाखा** | ना.सु. श्री रामजी थापा<br>का.स.श्री महेन्द्र कुमार श्रेष्ठ | |
| ३. | **नागरिकता शाखा** | ना.सु. श्री खोपनाथ नेपाल<br>क.अ. श्री विमल अधिकारी<br>का.स. रुप बहादुर खत्री | |
| ४. | **प्रतिलिपि नागरिकता शाखा** | ना.सु. श्री कृष्ण प्रसाद थपलिया<br>क.अ. श्री सुजन राना<br>का.स. श्री कविता चौलागाई | |
| ५. | **राहदानी शाखा** | ना.सु.श्री राम प्रसाद जैसी<br>ख.श्री देव बहादुर खड्का<br>का.स.श्री लिला प्रसाद चौलागाई | |
| ६. | **लेखा शाखा** | लेखापाल श्री गेहराज पोख्रेल | |
| ७. | **विपद् व्यवस्थापन शाखा** | सू.व्य.अ. श्री रविराज धिताल | |
| ८. | **जिन्सी शाखा** | ना.सु. श्री रामजी थापा | |
| ९. | **राष्ट्रिय परिचय पत्र दर्ता शाखा** | क.अ. श्री गौरव श्रेष्ठ<br>क.अ.श्री सौगात राजभण्डारी<br>का.स. श्री रोमा भण्डारी | |
| १० | **दर्ता चलानी/नागरिक सहायतता कक्ष** | का.स. श्री सानु घले<br>का.स.श्री फुलमाला कार्की | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु. | लाग्ने अवधि | कै. |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | १६। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | एन.आर.एन. नागरिकता प्रमाणपत्र वितरण | १०। को टिकट | कानून बमोजिम थप प्रमाणहरु बुझी प्रकृया पुराभए पश्चात | |
| ५ | राहदानी Online फाराम संकलन | २५००। नाबालक (१० वर्षभन्दा मुनिको हकमा) ५०००। साधारण | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | | तुरुन्त | |
| ७ | गुनासो वा ठाडौ उजुरी | १० को टिकट | यथाशीघ्र | |
| ८ | नाम थर उमेर आदि प्रमाणित | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नाबालक परिचयपत्र | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | संस्था दर्ता | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १२ | संस्था नवीकरण | ५००। | प्रक्रिया पुगेकै दिन | |
| १३ | संस्थाको विधान संशोधन | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | १० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १५ | दलित, आदिवासी सिफारिस | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक १०००। साप्ताहिक ५००। पाक्षिक ३००। मासिक २००। | प्रक्रिया पुगेकै दिन | |
| १७ | छापाखाना दर्ता | १०००। | प्रक्रिया पुगेकै दिन | |
| १८ | नाम थर र जन्ममिति संशोधन | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १९ | नाता प्रमाणित | १०। को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २० | क्षतिपूर्ति एवं राहत वितरण | | प्रक्रिया पुगेकै दिन | |
| २१ | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | १०। को टिकट | कानून वमोजिम | |
| २२ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | १०। को टिकट | कानून वमोजिम | |
| २३ | हातहतियार नवीकरण दस्तुर | १०००/- | प्रक्रिया पुगेकै दिन | |
| २४ | अन्य मुद्दा | १०। को टिकट | कानून बमोजिम | |

91

अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

**हातहतियार राख्ने ईजाजतपत्रको सम्बन्धमा:**

| सि.नं | हातहतियारको विवरण | ईजाजतपत्र दस्तुत (रुपैयाँमा) | | नवीकरण दस्तुर (रुपैयाँमा) | |
|---|---|---|---|---|---|
| | | जिल्लाभर | नेपालभर | जिल्लाभर | नेपालभर |
| १. | पिस्तोल, रिभल्वर वा मिनिएचर राईफल सहित अन्य राईफल प्रत्येकको | ५०००/- | ६०००/- | ३०००/- | ४०००/- |
| २. | टोटावाल बन्दुक वा मिनिएचर राईफल प्रत्येकको | ४०००/- | ५०००/- | २०००/- | ३०००/- |
| ३. | भरुवा बन्दुक प्रत्येकको | ३०००/- | ३०००/- | १५००/- | २०००/- |
| ४. | हावादारी बन्दुक प्रत्येकको | २०००/- | २५००/- | १०००/- | १५००/- |

**हातहतियार खरखजाना उत्पादन गरी बिक्री गर्ने ईजाजतपत्रको सम्बन्धमा:**

| सि.नं. | विवरण | ईजाजतपत्र दस्तुर (रुपैयाँमा) | नवीकरण दस्तुर (रुपैयायँमा) |
|---|---|---|---|
| १. | हातहतियारको | २५,०००/- | १५,०००/- |
| २. | खरखजानाको | २०,०००/- | १५,०००/- |
| ३. | हातहतियार खरखजाना दुबैको | ३५,०००/- | २०,०००/- |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

- निर्णय गर्ने प्रक्रिया: नेपाल सरकारको प्रचलित ऐन, नियम र निर्देशिका तथा परिपत्र एवं निर्धारित प्रकृया बमोजिम।
- निर्णय गर्ने अधिकारी:
  - प्रमुख जिल्ला अधिकारी।
  - सहायक प्रमुख जिल्ला अधिकारी : प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम।
  - प्रशासकीय अधिकृत :प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:** प्रशासकीय अधिकृतले गरेको निर्णय उपर स.प्र.जि.अ. र स.प्र.जि.अ.ले गरेको उपर प्र.जि.अ.बाट र प्र.जि.अ.को निर्णय उपर प्रचलित कानून बमोजिम।

## ९. सम्पादन गरेको कामको विवरण: -

- प्रशासन फाँट:

| क्र.सं. | मुख्य नतिजा क्षेत्रका कार्यसम्पादन | परिमाण | कैफियत |
|---|---|---|---|
| क | नाबालक परिचयपत्र | १३० | |
| ख | संस्था दर्ता | ११ | |
| ग | संस्था नवीकरण | ४८ | |
| घ | पत्रिका दर्ता | - | २ वटाको स्वामित्व हस्तान्तर |
| ङ | नाम, थर र उमेर आदि प्रमाणित तथा निर्णय पर्चा | ११३ | |

| | | | |
|---|---|---|---|
| च | आदिवासी/जनजाति,खस आर्य, दलित, मधेशी आदि प्रमाणित | १६७ | |
| छ | पारिवारिक पेन्सन, शपथ-पत्र र रहलपहल सम्बन्धी सिफारिस | २ | |
| ज | जिल्ला सुरक्षा समितिको बैठक संचालन | ७ | |
| झ | कर्मचारी बैठक संचालन | ३ | |
| ञ | बजार अनुगमन | ५ | |

❖ नागरिकता फाँटः

| क्र.सं. | मुख्य नतिजा क्षेत्रका कार्यसम्पादन | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| क | वंशजको नाताले नागरिकता वितरण संख्या | १६९० | १५६८ | ३२५८ | |
| ख | वैवाहिक अंगीकृत नागरिकता वितरण संख्या | २ | - | २ | |
| ग | कर्मचारी परिवारको नाताले लिएको नागरिकता | - | - | - | |
| घ | जन्मको आधारमा नागरीकता लिएको सन्तानले वंशजको आधारमा नागरीकता लिएको संख्या | - | - | - | |
| ङ | आमाको नामबाट नागरिकता जारी संख्या | - | - | - | |
| च | गैरआवासीय नागरिकता वितरण संख्या | १ | १ | २ | |
| छ | बाबु विदेशी भई नेपाली आमाको सन्तानबाट जन्मेका बच्चाहरुको अङ्गिकृत नागरिकता | ४ | - | ४ | |

❖ प्रतिलिपि नागरिकता फाँटः

| क्र.सं. | मुख्य नतिजा क्षेत्रका कार्यसम्पादन | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| क | प्रतिलिपि नागरिकता वितरण | ११६७ | १२१० | २३७७ | पतिको नामथर कायम-२११<br>पतिको नामथर हटाईएको-६८<br>विवरण सच्याई वा संशोधन-१८ |
| ख | CIMS को त्रुटि सच्याउने | भैरहेको। | | | |
| ग | कार्यालयको अभिलेख डिजिटाईजेशन | भैरहेको। | | | |

❖ राहदानी फाँटः

| क्र.सं. | मुख्य नतिजा क्षेत्रका कार्यसम्पादन | परिमाण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | E-Passport Biometric लिएको | महिला | पुरुष | नावालक | जम्मा | |
| | | ८४० | ९२७ | ४५ | १८१२ | |
| ख. | E-Passport वितरण | महिला | पुरुष | | जम्मा | |
| | | ५५२ | ९५१ | | १५०३ | |
| ग. | जम्मा राजश्वः रु. | | | | | |

❖ लेखा फाँटः

| क्र.सं. | मुख्य नतिजा क्षेत्रका कार्यसम्पादन | परिमाण | कैफियत |
|---|---|---|---|
| क | धरौटी अभिलेख व्यवस्थापन | रु.६७,९०,३७६.३८ | |
| ख | चालु खर्च | रु.२,०७,१३,३३७.६८ | |
| ग | पूँजीगत खर्च | रु.५३,८०,४८०.९४ | |
| घ | पूँजी खर्चको वित्तीय प्रगति | ९१.९१% | |

| | | | |
|---|---|---|---|
| च | RIMS अनुसार राजस्व | रु.३४,९९,६१३।- | |
| छ | द्वन्द्व पीडितलाई उपलव्ध गराइएको रकम | रु.२,९१,०००।- | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक

❖ मुद्दा फाँट:

| क.सं. | मुख्य नतिजा क्षेत्रका कार्यसम्पादन | परिमाण | कैफियत |
|---|---|---|---|
| क | गुनासो वा ठाडो उजूरी फछ्यौंट | १२ | |
| ख | हातहतियार नवीकरण | ६ | |
| ग | विष्फोटक पदार्थ प्रयोग ईजाजतपत्र नवीकरण/नयाँ ईजाजतपत्र जारी | २० वटा नविकरण, १ वटा दर्ता | |
| घ | दर्ता भएका मुद्दाहरुको फछ्यौंट | - | |
| ङ | अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका मुद्दाको फछ्यौंट | ५ | |
| च | नागरिकता सम्बन्धी उजुरी फछ्यौंट | २१ | |
| छ | सवारी दुर्घटना क्षतिपूर्ति सम्बन्धी उजुरीको फछ्यौंट | १ | |

❖ राष्ट्रिय परिचयपत्र फाँट:

| क.सं. | मुख्य नतिजा क्षेत्रका कार्यसम्पादन | वितरण सँख्या | कैफियत |
|---|---|---|---|
| क | राष्ट्रिय परिचयपत्र विवरण दर्ता सँख्या- ५३८९ | ६४९ | |

➢ **बिबिध:**

➢ बिशिष्ट तथा अति बिशिष्ट व्यक्तिहरुको भ्रमणको अवसरमा सुरक्षा व्यवस्था गरिएको।

➢ राजश्व चुहावट नियन्त्रण कार्यका लागि भन्सार कार्यालय र सुरक्षा निकायहरु सहितको सहभागितामा नियमित रुपमा बैठक गरिएको।

➢ राष्ट्रिय गौरबको आयोजना (एम.सी.ए.नेपाल) एवं अन्य विद्युतसँग सम्बन्धित आयोजनाहरुको क्षतिपूर्ति तथा मुआब्जा निर्धारणको कार्य एवं निरीक्षण अनुगमन भएको।

➢ अनलाइन मार्फत र सुझाव पेटिकामा प्राप्त गुनासोहरुको समयमै सम्बोधन गरी फर्छ्यौट गरिएको।

➢ **आफ्नै पहलमा भएका कार्यहरु:**

१. स्थानीय तहका वडाहरुबाट अनलाईन प्रणाली मार्फत नागरिकता प्रमाणपत्रको सिफारिस गर्ने व्यवस्था सुरु भई कार्यान्वयन भइरहेको।

२. कार्यालयमा आउने सेवाग्राहीहरुका लागि चौतारा साँगाचोकगढी नगरपालिकाको समन्वयमा नि:शुल्क रुपमा राहदानी फाराम, राष्ट्रिय परिचयपत्रको फाराम भरिदिने तथा कार्यालयमा लेख्नुपर्ने विभिन्न विषयका ९ वटा निवेदनहरुको फर्म्याट तयार गरी सेवाग्राहीहरुलाई प्रदान गर्ने व्यवस्था मिलाईएको।

३. सेवाग्राहीहरुलाई पिउनेपानी, मोबाइल चार्ज गर्ने र सेवा प्रवाहसँग सम्बन्धित कागजातहरुको फोटोकपी कार्यालयको तर्फबाट गरिदिने व्यवस्था गरिएको।

४. कार्यालयबाट प्रदान गरिने सबै प्रकारका सेवा सम्बन्धी नागरिक बडापत्रलाई स्थायी रुपमा व्यवस्थित गरी राखिएको।

५. राष्ट्रिय परिचयपत्र विवरण संकलन फाँट अगाडी सेवाग्राहीहरु बस्नको लागि प्रतिक्षालय बनाउने कार्य सम्पन्न भई प्रयोगमा ल्याईएको।

६. सेवाग्राहीहरु बस्नको लागि प्रतिक्षालय र अपाङ्गमैत्री शौचालय बनाईएको।

८. मिति २०८३/०३/२९ गतेदेखि नयाँ प्रणालीबाट राहदानी सेवा उपलब्ध गराउँदै आएको।

९. साविकमा भएको कार्यालयको संरचनालाई मर्मत गरी मन्त्रालयबाट प्राप्त डिजाईन बमोजिमको एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्ने गरी संरचना बनाईएको तथा श्रावण १ गतेबाट सेवा प्रवाह गर्ने तयारीमा रहेको।

## ११. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः

- कार्यालय प्रमुखः
  - नाम: शशीधर घिमिरे
  - पद: प्रमुख जिल्ला अधिकारी
- सूचना अधिकारी:
  - नाम: कृष्ण प्रसाद शर्मा
  - पद: सहायक प्रमुख जिल्ला अधिकारी

## १२. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- केही सार्वजनिक अपराध (नियन्त्रण) ऐन, २०२७
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०५४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४

... प्रमुख जिल्ला अधिकारी

- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- गृह प्रशासन सुदृढीकरण योजना, २०६८
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

१३. **वेभसाइटको विवरणः**

www.daosindhupalchok.moha.gov.np

१४. **वैदेशिक सहायता सम्बन्धी विवरणः** नरहेको ।

**तयार पार्ने**

दस्तखतः

नाम : दयाराम चौधरी

पद : खरिदार

मितिः २०८३/०३/३२

**स्वीकृत गर्ने**

दस्तखतः

नाम : कृष्ण प्रसाद शर्मा

पद : स.प्र.जि.अ.

मितिः २०८३/०३/३२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

सहायक प्रमुख जिल्ला अधिकारी